आज मिति २०८२ साल पौष ०६ गते आइतबारको दिन दिउसो १२:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को नवौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| | | | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: सार्वजनिक सुनुवाईको लागि मिति तय सम्बन्धमा ।

प्रस्ताव नं. ३: बखल्टुम बेलीब्रिज ठेक्का प्रक्रिया सम्बन्धमा ।

प्रस्ताव नं. ४: पालिका भित्र संचालनमा रहेको कम्पनीको नियमन सम्बन्धमा ।

प्रस्ताव नं. ५: शिसाजन्य फोहर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ६: गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण सम्बन्धमा ।

२०८२/०९/०६

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

**प्रस्ताव नं. ७: कार्यविधि संशोधन तथा कार्यविधिलाई वैधानिक ढंगले कानून तर्जुमा र निर्माण सम्बन्धमा।**

**प्रस्ताव नं. ८: जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा ।**

**प्रस्ताव नं. ९:स्थानीय विदा सम्बन्धमा ।**

**प्रस्ताव नं. १०: नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघको बजेट माग सम्बन्धमा ।**

**प्रस्ताव नं. ११: कर्मचारी सरुवा सहमति सम्बन्धमा ।**

**प्रस्ताव नं. १२: विपद् व्यवस्थापन सम्बन्धमा ।**

**प्रस्ताव नं. १३: खेलकुद गतिविधि संचालन सम्बन्धमा ।**

**प्रस्ताव नं. १४: योजना माग सम्बन्धमा सम्बन्धमा ।**

**प्रस्ताव नं. १५: सुन्तला पकेट क्षेत्र कायम सम्बन्धमा ।**

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को आठौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २: सार्वजनिक सुनुवाईको लागि मिति तय सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं. २ उपर छलफल गर्दा आर्थिक वर्ष २०८३/८३ को पहिलो सार्वजनिक सुनुवाई पौष मसान्तभित्र गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: बखल्टुम बेलीब्रिज ठेक्का प्रक्रिया सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ३ उपर छलफल गर्दा आर्थिक वर्ष २०८३/८३ को विनियोजन ऐनले दिईएको रु. ३,५०,००००/-सिमाभित्र रहेर बखल्टुम बेलीब्रिज लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ४: पालिका भित्र संचालनमा रहेको हाइड्रोपावर कम्पनीको नियमन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ४ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण हाइड्रोपावर कम्पनीहरुलाई आधिकारिक रुपमा EIA सम्पन्न भैसकेका हाइड्रोपावर कम्पनीहरुलाई EIA प्रतिवेदन प्रस्तुतीकरण गर्न लगाउने, EIA सम्पन्न भैनसेका हाइड्रोपावर कम्पनीहरुलाई अनिवार्य रुपमा गाउपालिकासँग आधिकारिक रुपमा जानकारी र समन्वय गरी संचालन गर्नका लागि पत्राचार गर्ने साथै हालसम्म CSR बापत भएको खर्चको विविरण माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ५: शिसाजन्य फोहर व्यवस्थापन सम्बन्धमा ।**

२०८२।०९।०५

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

निर्णयः प्रस्ताव नं. ५ उपर छलफल सिलिचोङ गाउँपालिकाले आर्थिक वर्ष २०८३/८३ का लागि अख्तियार गरेका नीति तथा कार्यक्रम अन्तर्गत यस पालिकाभित्र विभिन्न स्थानमा रहेका शिसाजन्य फोहोरको सम्बन्धमा तत्कालै डम्पिङ साईटको लागि जग्गा प्राप्तीको लागि आवश्यक पहल गर्ने तथा वातावरणीय प्रभाव मुल्याङ्कनको प्रक्रिया अघि बढाउने सर्वसहमतिले पारित गरियो। साथै जनप्रतिनिधि,कर्मचारी,सुरक्षाकर्मी स्थानीय व्यवसायी तथा सबैनागरिकहरुसँग समन्वय/ सहकार्य गरी पहिला पालिकामा त्यसपश्चात क्रमश सबै वडा कार्यालयहरुमा कर सचेतना सँगै अघि बढाउने सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ६ः गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ६ उपर छलफल सिलिचोङ गाउँपालिकाले आर्थिक वर्ष २०८३/८३ विनियोजन ऐनले दिईएको बजेट सिमाभित्र रहेर परामर्शदाको सहयोगमा गाउँ/ नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ संशोधनसहित बमोजिम गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. ७ः कार्यविधि संशोधन तथा कार्यविधिलाई वैधानिकता दिने र कानून तर्जुमा सम्बन्धमा।**

निर्णयः प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा सिलिचोङ गाउँपालिकाले स्वीकृत गरेका विभिन्न कार्यविधिहरु लाई वैधानिकता दिन तथा अन्य कानून तर्जुमाका लागि सिलीचोङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन गरेका बजेट सिमाभित्र रहि परामर्शदाताको सहयोगमा भएका कार्यविधिहरुलाई संविधानले सुनिश्चित गरेको क्षेत्रधिकारभित्र रहि वर्गिकरण गरी वैधानिक किसिमले कानून निर्माण प्रक्रियालाई अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ८ः जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. ८ उपर छलफल गर्दा निम्न बमोजिमको जग्गाधनीबाट सिलीचोङ गाउँपालिका ५नम्बर वडा कार्यालय याफुको भवन निर्माणका लागि ५ नम्बर वडा कार्यालयको नाममा जग्गा रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय, खाँदबारीमा आवश्यक कागजात सहित यस कार्यालयको तर्फबाट योजना शाखा प्रमुख श्री प्रविन राई र ५ नम्बर वडा अध्यक्ष श्री ईश्वर राईलाई अख्तियारी दिने तथा उक्त जग्गा सरकारी भवन निर्माण प्रयोजन हुने भएकोले लाग्ने राजश्व छुट माग्ने तथा जग्गा प्राप्ती गर्ने प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च विविध खर्च शिर्षकबाट गाउपालिकाले व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

| क्र.स. | जग्गा धनीको नाम र ठेगाना | कित्ता नं. | प्राप्त हुने जग्गाको क्षेत्रफल ब मि | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२०८२।०५।०६

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १ | विन्द्रा राई सिलीचोङ गाउँपालिका वडा न ५ | ५८० | ४२६ (१३.५ आना) | |
| | | ७०४ | ००३५० | पुरै |
| | | ६८१ | ०००४० | पुरै |

**प्रस्ताव नं. ९:स्थानीय विदा सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. ९ उपर छलफल गर्दा कुलुङ समुदायको महान चाड चाक्चाकुर को पावन अवसरमा यहीं मिति २०८२/०९/१५ र १६ गते स्थानीय विदा दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १०: नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघको बजेट माग सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. १० उपर छलफल गर्दा स्थानीय बहुसंख्यक समुदायको संरक्षण तथा प्रवर्दन गर्ने उदेश्यका साथ विनियोजन ऐनको बिभिन्न दिवश तथा उत्सव समारोह कार्यक्रम शीर्षकबाट रु. ८०,०००/- अक्षेरुपी असी हजार रुपैया मात्र आर्थिक सहयोग गर्ने सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. ११: कर्मचारी सरुवा सहमति सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ११ उपर छलफल गर्दा बाला स्वास्थ्य चौकीमा कार्यरत हेल्थ असिस्टेन्ट श्री पवित्रा कुमारी मण्डललाई नियमानुसार तथा ५ नम्बर वडा कार्यालयमा सब इन्जिनियर पदमा कार्यरत श्री नर कुमार आङ्देम्बेलाई निजको गम्भिर पारिवारिक व्यवहारिक समस्यालाई मध्यनजर गर्दै निवेदन बमोजिमको स्थानमा सरुवा जान सरुवा सहमति दिने निर्णय सर्वसहमतिले पारित गरियो। साथै हिलिहाङ गाउँपालिका पाचँथर अन्तर्गत अनमी पदमा कार्यरत श्री दिव्या मण्डललाई यस गाउँपालिकामा सरुवा भई आउन सरुवा सहमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १२: विपद् व्यवस्थापन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. १२ उपर छलफल गर्दा आकस्मिक रुपमा आइपर्ने विपद व्यवस्थापनका सन्दर्भमा तत्कालै पुनर्लाभिका कार्यक्रम अघि बढाउने तथा विपद्बाट क्षतिग्रस्त विभिन्न योजना मागहरुका सम्बन्धमा हिउँदे अधिवेशनबाट कार्यक्रम बनाई स्रोत सुनिश्चितता गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १३: खेलकुद गतिविधि संचालन तथा व्यवस्थापन सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नम्बर १३ उपर छलफल गर्दा पुरानो सिलीचोङ खेलकुद विकास समितिलाई बैठक बसी बरबुझारथ गर्ने शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने तथा नयाँ समिति गठन प्रक्रियालाई कानूनत १५ दिनभित्र अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. १४: योजना माग सम्बन्धमा सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस गाउँपालिकाको परियोजना बैंकमा समावेश भएका तथा डिपिआर समेत स्वीकृत भईसकेका तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि श्री

२०८२।०९।०८
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

**निर्णयः** प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस गाउँपालिकाको परियोजना बैंकमा समावेश भएका तथा डिपिआर समेत स्वीकृत भईसकेका तपशिल बमोजिमका योजनाहरु कार्यान्वयनका लागि श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र श्री आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश बिराटनगर मा बजेट माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**तपशिलः**

१.बिर्सुवा मोटरेबल पुल निर्माण योजना (बहुबर्षिय वडा नम्बर ४)।

२.बेल्दो झोलुङ्गे पुल (अनुमानित३० मिटर ) निर्माण योजना (वडा नम्बर १)।

३.मागुवादेखि-गाउँपालिका जोड्ने सडक ट्र्याक ओपन योजना (वडा नं. ३ बहुबर्षिय )।

४.पुखुवा देखि पालिका जोड्ने सडक कालोपत्रे योजना बहुबर्षिय योजना ।

५.बुधबारे-सिम्लादक देखि गाउँपालिका जोड्ने सडक निर्माण योजना बहुवर्षिय ।

६. बुधबारे बजार देखि मुलगाउँ- डाँडागाँउ हुदै चित्रे पुर्नवास जोड्ने सडक योजना स्तरोन्नती-५० किलोमिटर ।

**प्रस्ताव नं. १५: सुन्तला पकेट क्षेत्र कायम सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस सिलीचोङ गाउँपालिकालाई सुन्तला पकेट क्षेत्र कायम गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८१।०३।०८

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३